# चन्दननाथ नगरपालिकाको कार्यक्रम सञ्चालन खर्चको मापदण्ड,२०७८

**प्रमाणीकरण मिती**
**२०७८।०३।३१**

चन्दननाथ नगरपालिका जुम्लालाई वित्तीय हस्तान्तरण भइ आएका सशर्त, बित्तीय समानिकरण तथा अन्य कुनै निकायबाट प्राप्त भई नगरसभाबाट स्वीकृत विभिन्न योजना तथा कार्यक्रमहरुलाई अनुमानयोग्य र मितव्ययी रुपमा सञ्चालन गर्न एवं कार्यक्रम सञ्चालन खर्चमा एकरुपता कायम गर्नको लागि मिति २०७८। । गते बसेको चन्दननाथ नगरपालिका नगरसभाको बैठकले देहाय बमोजिम चन्दननाथ नगरपालिकाका योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकी स्वीकृत गरेकोछ।

## १. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम " चन्दननाथ नगरपालिकाको कार्यकम संचालन खर्चको मापदण्ड सम्बन्धी कार्यविधि २०७८" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. " प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. " उप प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको **उप प्रमुख** सम्झनु पर्दछ।

ग. " कार्यालय प्रमुख" भन्नाले चन्दननाथ नगरपालिकाको **प्रमुख प्रशासकीय अधिकृत** सम्झनु पर्दछ।

घ. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ङ "कार्यविधि" भन्नाले " चन्दननाथ नगरपालिकाको कार्यकम संचालन खर्चको मापदण्ड सम्बन्धी कार्यविधि २०७८ सम्झनु पर्दछ " ।

च. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

छ. " कर्मचारी" भन्नाले सेवा प्रवाह उपलब्ध गराउनेगरी व्यवस्था भएका प्राविधिक वा प्रशासनिक कर्मचारी सम्झनुपर्दछ ।

ज " कार्यक्रम " भन्नाले चन्दननाथ नगरपालिका र अन्तर्गतका विषयगत शाखाहरुले हरेक आर्थिक बर्षको लागि विनियोजित बजेट अनुसार स्वीकृत कार्यक्रमहरु **सम्झनु पर्दछ**।

## ३. बैठक भत्ताको मापदण्ड :

१) अर्थ मन्त्रालयबाट स्वीकृत खर्चको मापदण्ड सम्वन्धी निणर्य तथा कार्यविधिको ७.१.१ मा तोके बमोजिमको अवस्थामा बैठक बस्दाको मात्र बैठक भत्ता प्रदान गरिनेछ।

२) नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा बैठक बस्दा प्रति पदाधिकारी प्रति बैठक रकम रु १,५००।- (एक हजार पाँच सय) मात्र बैठक भत्ताा प्रदान गरिनेछ ।

३) नगरकार्यपालिका र नगरसभाबाट गठन भएका विभिन्न समितिहरुको बैठक वस्दा प्रति पदाधिकारी प्रति बैठक रकम रु १,०००।- (एक हजार ) मात्र बैठक भत्ता प्रदान गरिनेछ ।

४) नगरसभा, नगरकार्यपालिका र वडा समितिको बैठक बस्दाको बैठक भत्ता चन्दननाथ नगरपालिकाका पदाधिकारीहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७८ मा तोके बमोजिम नै हुनेछ ।

## ४. खाना र खाजा खर्चको मापदण्ड :

१) नगरकार्यपालिका एवं वडा कार्यालयहरुबाट आयोजना हुने कुनै बैठक, अर्न्तक्रिया, छलफल, गोष्ठी र तालिम जस्ता कार्यक्रमहरुमा सहभागी एवं व्यवस्थापनको कार्य गर्ने कर्मचारीहरु (बढीमा १० जना) को लागि खाना खर्च वापत रकम रु ३५० (तीन सय पचास) र खाजा खर्च वापत रकम रु २०० ( दुई सय) रुपैया मात्र भुक्तानी गरिनेछ ।

२) नियमित काम बाहेक विशेष कामको लागि दैनिक ३ घण्टा भन्दा बढी कार्यालय समयभन्दा अतिरिक्त समय काम र सार्वजनिक विदाको दिन काम गर्ने कर्मचारीहरुलाई खाजा तथा खाना खर्चको लागि रकम रु ५०० (पाँच सय) उपलव्ध गराइनेछ ।

## ५. परिवहन/यातायात खर्च

१) चन्दननाथ नगरकार्यपालिका एवं वडा कार्यालयहरुबाट आयोजना हुने कुनै बैठक, अर्न्तक्रिया, छलफल, गोष्ठि र तालिम जस्ता कार्यक्रमहरुमा सहभागीको लागि परिवहन/यातायात (आतेजाते खर्च वापत रकम रु १,०००।- (एक हजार) रुपैया मात्र भुक्तानी गरिनेछ ।

## ६. तालिम, गोष्ठी, सेमिनार, कार्यशाला आदि सञ्चालन सम्वन्धी खर्च

१) नगरकार्यपालिका एवं वडा कार्यालयहरुबाट सञ्चालन हुने विभिन्न तालिम, गोष्ठी, सेमिनार र कार्यशाला आदी सञ्चालनको लागि तपशील बमोजिमको शिर्षकमा तपशील बमोजिमको रकम खर्च गर्न सक्नेछ ।

| सि.नं . | खर्च गर्ने कार्यको विवरण | खर्च गर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | बाहिरी कार्यपत्र प्रस्तुकर्ता (कार्यपत्र र वाचन) | २०००।- | प्रतिइकाई |
| २ | आन्तरिक कार्यपत्र प्रस्तुतकर्ता ( कार्यपत्र र वाचन) | १६००।- | प्रतिइकाई |
| ३ | कार्यपत्र माथिको टिप्पणीकर्ता | ९००।- | प्रतिइकाई |
| ४. | मशलन्द खर्च ( व्यानर, बोर्डमार्कर, मेटाकार्ड, टेप, आदी) | ५०००।- | एकमुष्ठ |
| ५. | संयोजक भत्ता | १०००।- | प्रतिदिन |
| ६. | सहयोगी भत्ता | ५००।- | प्रतिदिन |
| ७. | विविध खर्च ( प्रमाणपत्र, पानी, सरसफाई, फोटोकपी आदी) | ५०००।- | एकमुष्ठ |
| ८. | सहभागीहरुको स्टेशनरी | १००।- | प्रतिइकाई |
| ९. | प्रतिवेदन खर्च | ३०००।- | प्रतिकार्यक्रम |
| १०. हलभाडा | । | १ | बजार दररेट वमोजिम |
| ११ | प्रशिक्षार्थी आवास खर्च | | बजार दररेट वमोजिम |
| १२ | सहभागी भत्ता | १०००।- | प्रति व्यक्ति प्रतिदिन |

**७. <u>लेख रचना पारिश्रमिक :</u>**

१) लेख रचना समावेशी गरी पुस्तक तथा पत्रिका प्रकाशन गर्दा तपशील बमोजिमको लेख रचना पारिश्रमिक, कम्प्यूटर सेटिङ, डिजाईनिङ तथा सम्पादक मण्डलका सदस्यहरुलाई देहाय बमोजिम पारिश्रमिक भुक्तानी गरिनेछ ।

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | लेख रचना पारिश्रमिक | ४,५००।- | प्रतिलेख रचना |
| २. | कम्प्यूटर सेटिङ र डिजाईनिङ | ५,०००।- | प्रति पुस्तक तथा पत्रिका |
| ३. | सम्पादन पारिश्रमिक | २०००।- | प्रति सदस्य/प्रति रचना |

**८. <u>अन्य खर्च</u>** उल्लेख नभएका कुराहरु कार्यालयको निर्णय अनुसार प्रचलि दररेट बमो हुनेछन्

आज्ञाले
तिर्थराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(झ) "समिति" भन्नाले चन्दननाथ नगरपालिकामा आर्थिक सहायता, चन्दा र उपहार उपलब्ध गराउने उपलव्ध गराउने समितिलाई सम्झनु पर्दछ ।
(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

**३. अशक्त र असहाय लाई उपलब्ध गराउने आर्थिक सहायता :**

१) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असह्य भई आम्दानी गर्न नसक्ने भएको र निजलाई वा परिवारको कुनै सदस्यलाई कडा रोग जस्तै मुटु रोग, क्यान्सर, मृगौला आदि लागि उपचार गर्न नसक्ने भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा र उक्त सिफारिसको साथमा कडा रोग लागेको प्रमाणित गर्ने कागजात संलग्न भएमा प्रति परिवार बढीमा रकम रु.२०,०००।-(अक्षरुपी वीस हजार मात्र) उपलब्ध गराई ने छ ।

२) कुनै पनि व्यक्ति वा परिवार अशक्त वा असहाय भई आम्दानी गर्ने नसक्ने भएकोमा निजको वा निजको परिवारको कुनै सदस्यको मृत्यु भई लास उठाउन वा काज किरिया गर्न नसक्ने अवस्था भएको व्यहोरा वडा समितिको निर्णयको प्रतिलिपी सहित अध्यक्षबाट प्रमाणित भई आएमा प्रति परिवार बढीमा रकम रु.१०,०००।-(अक्षरुपी दश हजार मात्र) उपलब्ध गराई ने छ ।

**४. दैवी प्रकोप पिडीतलाई उपलब्ध गराउने आर्थिक सहयाता**

१) कुनै पनि व्यक्ति वा परिवार दैवीप्रकोपमा (जस्तैःआगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी मृत्यू भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सबैभन्दा नजिकका हकवालाबाट आर्थिक सहायता माग भई आएमा प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायत उपलव्ध गराइने छ ।

२) कुनै पनि व्यक्ति वा परिवारको घर दैवीप्रकोपमा (जस्तैः आगालागी, बाढीपहिरो, चट्याङ, महामारी, हावाहुरी) परी नष्ट वा नोक्सान भई सो व्यहोराको निवेदन, सर्जमिन मुचुल्का सहितको प्रहरी प्रतिवेदन, वडा समितिको निर्णयको प्रतिलिपी र वडा कार्यालयको सिफारिस सहितका कागजात संलग्न गरी त्यस्ता व्यक्ति वा परिवारका सदस्यहरुले प्रचलित कानून बमोजिम आर्थिक सहायता माग गरेमा यदि घर आगजनीको भए सम्बन्धित घर धनीलाई रु ५० हजार र घरमा बस्ने मान्छेहरुलाई प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता रकम उपलब्ध गराईनेछ भने अन्य दैवीप्रकोप ( बाढिपहिरो, चट्याङ्ग, महामारी, हावाहुरी ) भएमा प्रति परिवार रु १० हजारका दरले आर्थिक सहायता उपलव्ध गराइने छ ।

**५. अन्य कार्यक्रम सम्बन्धी आर्थिक सहायता**

क) कुनै पनि सभा, सम्मेलन, अधिवेशन जस्ता कार्यक्रमका लागि आर्थिक सहायता माग भई आएमा रकम रु.प्रकृति हेरी ५०००। देखि १००००।

ख) नगर सभाको सदस्यहरुको दुर्घटना सम्बन्धमा ..........

ग) नगर वासीहरुलाई कडा रोग लागेमा निजामती सेवा नियमावली ( संशोधन सहित ) मा भएको व्यवस्थामा आवश्यक देखाइएको कागजात पेश गरेमा ...............

घ) नगरपालिकाको कर्मचारी सरकारी कामकाजको सिलसिलामा दुर्घटना हुँदा ..............

ङ) घर नष्ट भएमा .........................................

च) चौपाया दुर्घटनामा .....................................

उल्लेखित कार्यक्रमहरुमा आर्थिक सहायता उपलव्ध गराउँदा

१.यदि बिमा भएमा ......

२.यदि बिमा नभएमा ........................

## ६.समितिको व्यवस्था

१.माथि दफा ३, ४ र ५ को अवस्थाबाट आर्थिक सहायता उपलव्ध गराउन देहाय बमोजिमको आर्थिक सहायता समिति गठन गरिने छ ।

क) नगर प्रमुख - संयोजक

ख) कार्यपालिकाको आर्थिक समितिको संयोजक - सदस्य

गं) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) विपद् शाखाको प्रमुख - सदस्य

ङ) आर्थिक प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

२.समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

३.समितिको काम कर्तव्य र अधिकार

क) आर्थिक सहायताको लागि प्राप्त निवेदन, प्रहरी प्रतिवेदन, सर्जमिन मुचुल्का र सम्बन्धित वडाको सिफारिसको आधारमा रकम भुक्तानिको लागि सिफारिस गर्ने

ख) कामको प्रकृति हेरी रु १० हजारदेखि ५० हजारसम्मको आर्थिक सहायताको लागि कार्यालय प्रमुखलाई अधिकार दिने र सो भन्दा माथिको रकम भए आवश्यक निर्णय गरी भुक्तनिका लागि सिफारिस गर्ने ।

**७. आर्थिक सहायता उपलब्ध नगराईने**

१) यस मापदण्डमा उल्लेख भए देखि बाहेक कुनै पनि आर्थिक सहायता उपलब्ध गराईने छैन ।

आज्ञाले
तिर्थराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत